# मार्मा गाउँपालिका राजपत्र

खण्डः८ संख्याः८ मितिः २०८१/३/२०

भागः२

# उत्कृष्ट प्र.अ., शिक्षक, कर्मचारी सम्मान कार्यविधि, २०८१

## मार्मा गाउँपालिका

## लटिनाथ दार्चुला

## सुदूरपश्चिम प्रदेश नेपाल

**प्रस्तावना:** शैक्षिक संस्थालाई व्यवस्थित र उत्साहजनक ढंगले सञ्चालन गर्न, शैक्षिक सुधारको अभियानलाई सार्थकता प्रदान गर्न, शैक्षिक संस्थामा क्रियाशील जनशक्तिलाई उत्साह प्रदान गर्न विद्यालय, वि.व्य.स., प्र.अ., शिक्षक, वाल.वि.के.स.का, विद्यार्थी र विद्यालय कर्मचारीलाई काम र परिश्रमको उचित मूल्याङ्कन गरी पुरुस्कार र दण्डको व्यवस्था गर्न बान्छनीय देखिएकोले गाउँपालिकाबाट प्रदान गरिने सम्मान तथा पुरस्कारलाई व्यवस्थित एवं पारदर्शी बनाई कार्यान्वयन गर्न, मार्मा गाउँपालिकाको शिक्षा ऐन, २०७७ तथा शिक्षा नियमावली, २०७९ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) ले प्रदान गरेको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले यो उत्कृष्ट प्र.अ., शिक्षक, कर्मचारी सम्मान कार्यविधि, २०८१ स्वीकृत गरी लागू गरेको छ ।

## परिच्छेद - १
## संक्षिप्त नाम र प्रारम्भ

### १. संक्षिप्त नाम र प्रारम्भ

१.१ यस कार्यविधिको नाम **"उत्कृष्ट प्र.अ., शिक्षक, कर्मचारी सम्मान कार्यविधि, २०८१"** रहेको छ।

१.२ यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

क) "कार्यविधि" भन्नाले" उत्कृष्ट प्र.अ., शिक्षक, कर्मचारी सम्मान कार्यविधि, २०८०" लाई बुझाउनेछ।

ख) "गाउँपालिका" भन्नाले मार्मा गाउँपालिकालाई बुझाउनेछ ।

ग) "सामुदायिक विद्यालय" भन्नाले गाउँपालिकाको शिक्षा ऐन तथा नियमावलीले निर्दिष्ट गरेबमोजिमका यस मार्मा गाउँपालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयहरूलाई बुझाउँनेछ।

घ) "विद्यालय व्यवस्थापन समिति" भन्नाले गाउँपालिकाको शिक्षा ऐन तथा नियमावलीले निर्दिष्ट गरे बमोजिमका यस गाउँपालिकाभित्र संचालित विद्यालयहरूमा गठन भएका विद्यालय व्यवस्थापन समितिलाई बुझाउने छ ।

ङ) "प्रधानाध्यापक" भन्नाले गाउँपालिकाभित्र संचालित विद्यालयका प्रधानाध्यापकहरूलाई बुझाउनेछ।

च) "शिक्षक" भन्नाले मार्मा गाउँपालिकाभित्र रहेका विद्यालयमा कार्यरत सम्पूर्ण प्रकार, तह र श्रेणीका शिक्षकलाई सम्झनु पर्दछ।

छ) "वा.वि.के.स.का." भन्नाले मार्मा गाउँपालिकाभित्र रहेका विद्यालयका वालविकास केन्द्रका सहयोगी कार्यकर्ता सम्झनुपर्दछ।

ज) "विद्यार्थी" भन्नाले मार्मा गाउँपालिकाभित्र रहेका विद्यालयमा अध्ययनरत विद्यार्थी सम्झनु पर्दछ । यसले कुनै पनि विद्यालयबाट यसै वर्ष एस.ई.ई. उत्तीर्ण भई गएका विद्यार्थीलाई समेत जनाउनेछ।

झ) "विद्यालय कर्मचारी" भन्नाले मार्मा गाउँपालिकाभित्र रहेका विद्यालयमा कार्यरत शिक्षक बाहेकका विद्यालयका कर्मचारीलाई सम्झनु पर्दछ ।

ञ) "पुरस्कार तथा सम्मान" भन्नाले उत्कृष्ट कार्य सम्पादन तथा नतिजा प्राप्त गरेबापत कुनै पनि व्यक्ति, संस्था वा समितिलाई प्रदान गरिने नगद, जिन्सी वा सम्मानपत्रलाई सम्झनुपर्दछ ।

## परिच्छेद - २
### अवधारणा तथा लक्ष्य

**३) कार्यविधिको अवधारणा:**

गाउँपालिकाभित्र संचालित विद्यालयको शैक्षिक वातावरणमा सुधार गरी शैक्षिक गुणस्तरमा सुधार ल्याउन उत्कृष्ट कार्यसम्पादन गर्ने व्यक्ति, संस्था र समितिलाई निष्पक्ष रूपमा सम्मान तथा पुरस्कार प्रदान गरी शिक्षक, विद्यार्थी तथा विद्यालयलाई प्रोत्साहन गर्नु यस कार्यविधिको अवधारणा रहेको छ ।

**४) कार्यविधिको उद्देश्य:**

यस कार्यविधिका उद्देश्यहरू देहाय अनुसार रहेका छन्ः

क) सम्मान तथा पुरस्कारलाई व्यवस्थित गर्ने ।

ख) सम्मान तथा पुरस्कारलाई पारदर्शी बनाउने ।

ग) विद्यालय, विद्यार्थी, शिक्षक, कर्मचारी तथा वि.व्य.स.को मूल्याङ्कनको आधार तय गर्ने ।

घ) सम्मान तथा पुरस्कार छनौट तथा प्रदान गर्ने विधिको निर्धारण गर्ने ।

## परिच्छेद - ३
### छनौट प्रक्रिया

**५. पुरस्कार तथा सम्मान पाउने व्यक्ति तथा संस्था छनौट :**

क) गाउँपालिकाबाट प्रदान गरिने पुरस्कार तथा सम्मान पाउने, प्र.अ., शिक्षक, विद्यार्थी, विद्यालय, विद्यालयका कर्मचारी, विद्यालय व्यवस्थापन समितिको अन्तिम नामावली गाउँ शिक्षा समितिले स्वीकृत गरे बमोजिम हुनेछ ।

ख) पुरस्कार तथा सम्मानको संख्या, प्रकार तथा रकम गाउँ शिक्षा समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

ग) शिक्षक, विद्यार्थी, विद्यालय, विद्यालयका कर्मचारी, विद्यालय व्यवस्थापन समितिको कार्यसम्पादन तथा नतिजाको मूल्याङ्कनको आधार परिच्छेद ४ ले तोकेबमोजिम हुनेछ ।

घ) पुरस्कार तथा सम्मानको लागि तथ्याङ्क संकलन, मूल्याङ्कन तथा सम्भावित नाम सिफारिसको लागि गाउँ शिक्षा समितले तोके बमोजिमको उपसमिति गठन गर्न सकिनेछ । उक्त उपसमितिको कार्यविधि गाउँ शिक्षा समितिले तोके बमोजिम हुनेछ ।

ङ) उपसमितिको बैठक आवश्यकता अनुरूप बस्न सक्नेछ ।

च) यस कार्यविधिमा अन्यत्र जे व्यवस्था गरिएको भए पनि विद्यालयबाट सिफारिस भए वा नभए तापनि शैक्षिक क्षेत्रमा उल्लेख्य योगदान गरेका व्यक्तिहरूलाई समेत गाउँ शिक्षा समितिले निर्णय गरी पुरस्कृत गर्न सकिनेछ ।

## परिच्छेद - ४
## मूल्याङ्कनको आधार

**६) पुरस्कार तथा सम्मान पाउने व्यक्ति तथा संस्था छनौटका कार्यविधिहरू**

**६.१ विद्यालय पुरस्कारको लागि विद्यालय छनौट गर्दा निम्न आधारमा मूल्याङ्कन गरिनेछः**

क) तहगत विद्यार्थी सिकाइ उपलब्धि ६० अंक कक्षा ३, ५, ८ र SEE मध्ये उच्चतम कक्षाका आधारमा सिकाइ उपलब्धि (औसत GPA) बापत देहाय अनुसारको अंक प्रदान गर्नेः (विद्यालयले भरेर प्रमाण संलग्न गरी पठाउने )

- ५० जनाभन्दा बढी विद्यार्थी सहभागी भए (औसत GPA) x१५
- ४१—५० जना विद्यार्थी भएमा (औसत GPA) x१४
- ३१—४० जना विद्यार्थी भएमा (औसत GPA) x १३
- २१—३० जना विद्यार्थी भएमा (औसत GPA) x १२
- २० जना भन्दा कम विद्यार्थी भएमा (औसत GPA)x१०

ख) बाह्य क्रियाकलाप, अतिरिक्त क्रियाकलापमा सहभागिता ५ अंक (मूल्याङ्कनकर्ता, शिक्षा अधिकृत - शिक्षा शाखा )

ग) क्यालेन्डरको कार्यान्वयन, सन्दर्भ सामग्रीको प्रयोग, वार्षिक पाठयोजना, शैक्षणिक योजना अनुसार अध्यापन १० अंक (मुल्यांकनकर्ता- शिक्षा अधिकृत, शिक्षा शाखा )

घ) भौतिक व्यवस्थापन, हाता व्यवस्थापन र सरसफाइ, कक्षाकोठा व्यवस्थापन, वातावरणीय व्यवस्थापन, फूलबारी, सौन्दर्य आदि -१० अंक

(मूल्यांकनकर्ता : शिक्षा अधिकृत, शिक्षा शाखा)

ङ) गाउँपालिका मूल्यांकन उप समितिको मूल्यांकन -१५ अंक

**६.२) प्रधानाध्यापक पुरस्कारको लागि प्रधानाध्यापक छनौट गर्दा निम्न आधारमा मूल्याङ्कन गरिनेछः**

क) तहगत विद्यार्थी सिकाइ उपलव्धि ५० अंक कक्षा ३, ५, ८ र SEE मध्ये उच्चतम कक्षाका आधारमा सैद्धान्तिकमा सिकाइ उपलव्धि बापत देहायअनुसारको अंक प्रदान गर्नेः (विद्यालयले भरेर प्रमाण संलग्न गरी पठाउने )

- औसत विद्यार्थी सिकाइ उपलव्धि ८० वा सो भन्दा बढी भए ५० अंक
- औसत विद्यार्थी सिकइ उपलव्धि ६०—७९ भएमा ४५ अंक
- औसत विद्यार्थी सिकाइ उपलव्धि ५०—५९ भएमा ४० अंक

- औसत विद्यार्थी सिकाइ उपलव्धि ४०—४९ भएमा ३५ अंक
- औसत विद्यार्थी सिकाइ उपलव्धि ४० भन्दा कम भएमा ३० अंक

ख) उपस्थिति र नियमितता १० अंक

(प्र.अ. आफूले भेरेर वि.व्य.स.अध्यक्षबाट प्रमाणित प्रमाण पेश गर्ने )

- २०० दिनभन्दा बढी उपस्थित भए १० अंक
- १८१ —२०० दिन उपस्थित भए ८ अंक
- १६१ —१८० दिन उपस्थित भए ७ अंक
- १५१ —१६० दिन उपस्थित भए ६ अंक
- १५१ —१६० दिन उपस्थित भए ५ अंक

ग) विद्यालय सुधार योजना (५ बर्से, १ बर्से दुवै) निर्माण र योजना कार्यान्वयनको अवस्था ५ अंक

(मूल्यांकनकर्ता: शिक्षा अधिकृत- शिक्षा शाखा )

घ) करार सम्झौता र कार्यान्वयनको अवस्था - ५ अंक

(मूल्यांकनकर्ता : शिक्षा अधिकृत , शिक्षा शाखा )

ङ) अनुशासन, पारदर्शिता र समूह व्यवस्थापन - ५ अंक

(मूल्यांकनकर्ता : वि.व्य.स. अध्यक्ष)

च) शिक्षा अधिकृत- शिक्षा शाखाको मूल्यांकन - १० अंक

छ) गाउँपालिका मूल्यांकन उप समितिको मूल्यांकन - १५ अंक

**६.३) शिक्षक पुरस्कारका लागि शिक्षक छनौट गर्दा निम्न आधारमा मूल्याङ्कन गरिनेछ :**

क) तहगत विद्यार्थी सिकाइ उपलव्धि ५० अंक कक्षा ३, ५, ८ र SEE मध्ये उच्चतम कक्षाका आधारमा सैद्धान्तिकमा सिकाइ उपलव्धि वापत देहाय अनुसारको अंक प्रदान गर्नेः (बिद्यालयले भेरेर प्रमाण संलग्न गरी प्र.अ.ले प्रमाणित गरी पठाउने)

ख) अध्यापन गरेको मुख्य विषय (हप्ताको कम्तीमा ४ पिरियड) को विद्यार्थीहरूको औसत विद्यार्थी सिकाइ उपलब्धि (औसत GPA X १२.५ अंक )

ग) उपस्थिति र नियमितता —१० अंक

(प्र.अ. र वि.व्य.स.अध्यक्षबाट प्रमाणित प्रमाण पेश गर्ने )

- २०० दिन भन्दा बढी उपस्थित भए १० अंक,
- १८१ —२०० दिन उपस्थित भए ८ अंक
- १६१ —१८० दिन उपस्थित भए ७ अंक
- १५१ —१६० दिन उपस्थित भए ६ अंक
- १५१ —१६० दिन उपस्थित भए ५ अंक

घ) प्र.अ. को मूल्यांकन १० अंक

ङ) वि.व्य.स.को मूल्यांकन ५ अंक

च) शिक्षा अधिकृत -शिक्षा शाखा को मूल्यांकन १० अंक

छ) गाउँपालिका मूल्यांकन उप समितिको मूल्यांकन १५ अंक

(घ, ङ, च र छ को लागि अनुशासन, सृजनशीलता, जिम्मेवारी वहन गर्ने क्षमता, व्यवहार, आचरण, क्रियाशीलता, विद्यार्थी र समुदायसँगको व्यवहारका आधारमा मूल्यांकन गर्ने ।)

**६.४) बाल विकास सहयोगी कार्यकर्ता पुरस्कारका लागि वाल विकास सहयोगी कार्यकर्ता छनौट गर्दा निम्न आधारमा मूल्याङ्कन गरिनेछ :**

क) तालिमको प्रयोग र बालमैत्री कक्षा ब्यवस्थापन ४० अंक

(प्र.अ.- शिक्षा अधिकृत मूल्यांकन गर्ने )

ख) उपस्थिति र नियमितता २० अंक

(प्र.अ. वा वि.व्य.स.अध्यक्षबाट प्रमाणित प्रमाण पेश गर्ने )

- २०० दिन भन्दा बढी उपस्थित भए २० अंक
- १८१ –२०० दिन उपस्थित भए १६ अंक
- १६१ –१८० दिन उपस्थित भए १४ अंक
- १५१ –१६० दिन उपस्थित भए १२ अंक
- १५१ –१६० दिन उपस्थित भए १० अंक

ग) प्र.अ.वा बि.ब्य.स. अध्यक्षको मूल्यांकन १० अंक

घ) शिक्षा अधिकृत -शिक्षा शाखाको मूल्यांकन १० अंक

ङ) गाउँपालिका मूल्यांकन उप समितिको मूल्यांकन २० अंक

(ग, घ र ङ को लागि कक्षाकोठा व्यवस्थापन, अनुशासन, सृजनशीलता, जिम्मेवारी वहन गर्ने क्षमता, जागरुकता, तत्परता, आचरण, विद्यार्थी र समुदायसँगको व्यवहार, आज्ञापालना, कर्तव्यनिष्ठ र क्रियाशिलताका आधारमा मूल्यांकन गर्ने ।)

**६.५) कर्मचारी पुरस्कारको लागि कर्मचारी छनौट गर्दा निम्न आधारमा मूल्याङ्कन गरिनेछ :**

क) उपस्थिति र नियमितता २० अंक

(प्र.अ. बाट प्रमाणित प्रमाण पेश गर्ने )

- २०० दिन भन्दा बढी उपस्थित भए २० अंक
- १८१ –२०० दिन उपस्थित भए १६ अंक
- १६१ –१८० दिन उपस्थित भए १४ अंक
- १५१ –१६० दिन उपस्थित भए १२ अंक
- १५१ –१६० दिन उपस्थित भए १० अंक

ख) प्र.अ. को मूल्यांकन २० अंक

ग) वि.व्य.स.को मूल्यांकन २० अंक

घ) शिक्षा अधिकृत–शिक्षा शाखाको मुल्याङ्कन २०अंक

ङ) गाउँपालिका मूल्यांकन उप समितिको मूल्यांकन २० अंक

(ख, ग, घ र ङ को लागि जिम्मेवारी वहन गर्ने क्षमता, अनुशासन, आज्ञापालना, कर्तव्यनिष्ठ, सृजनशीलता, जागरुकता, तत्परता क्रियाशीलताका आधारमा मूल्यांकन गर्ने ।)

**६.६) वि.व्य.स.अध्यक्ष, सदस्य, शिक्षाप्रेमी, शि.अ.संघ पुरस्कार छनौट गर्दा निम्न आधारमा मुल्याङ्कन गरिनेछ :**

क) गाउँशिक्षा समितिको मूल्यांकन (अध्यक्षबाट) ५० अंक

ख) गाउँपालिका मूल्यांकन उप समितिको मूल्यांकन ५० अंक

(बिद्यालयको बिकास, शैक्षिक बिकास, क्रियाशीलता, नियमितता, समुदाय परिचालन, योगदान आदिका आधारमा मूल्यांकन गर्ने ।)

७) यस परिच्छेदको मूल्याङ्कन आधारहरूको लागि तथ्याङ्क संकलन तथा मूल्याङ्कनको लागि अनुसूची १ बमोजिमको फाराम तथा निर्देशनको प्रयोग गर्नु पर्नेछ ।

## परिच्छेद -५

## संशोधन, बचाउ र खारेजी

### ८. संशोधन, बचाउ र खारेजी

क) यो कार्यविधि संसोधन वा खारेज गर्न आवश्यक देखिएमा गाउँ कार्यपालिकाले संशोधन वा खारेज गर्न सक्नेछ ।

ख) यो कार्यविधिमा उल्लेख गरिएका कुराहरुको हकमा यस कार्यविधि अनुसार र उल्लेख नभएका हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

ग) यस कार्यविधिमा लेखिएका कुराहरु प्रचलित स्थानीय सरकार संचालन ऐन २०७४, मार्मा गाउँपालिकाको स्थानीय शिक्षा नियमावली, सँग बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ।

# अनुसूची - १

## (दफा ७ सँग सम्वन्धित)

गाउँ कार्यपालिकाले स्वीकृत गरी लागू गरेको मार्मा गाउँपालिका उत्कृष्ट प्र.अ, शिक्षक कर्मचारी कार्यविधि, २०८१ अनुसार पुरस्कार तथा सम्मानका लागि विद्यालयले भर्ने

विद्यालयको नाम: .......................................................

ठेगाना : ...................................................

क) बिद्यालयको मूल्यांकनका लागि

**अ) तहगत औसत सिकाइ उपलब्धि**

| **कक्षा ३** | | **कक्षा ५** | | **कक्षा ८** | | **कक्षा १०(SEE औषत GPA)** | |
|---|---|---|---|---|---|---|---|
| औषत सिकाइ | उपलव्धि (औसत GPA) | औसत सिकाइ | उपलव्धि (औसत GPA) | औसत सिकाइ | उपलव्धि (औसत GPA) | औसत सिकाइ | उपलव्धि (औसत GPA) |
| | | | | | | | |

..................................

वि.व्य.स. अध्यक्षको सही

..................................

प्र. अ. को सही

## मूल्याङ्कन तालिका

| क.स. | विवरण | पूर्णाङ्क | प्राप्तांक | मूल्याङ्कन कर्ता | मूल्याङ्कन कर्ताको सही |
|---|---|---|---|---|---|
| १ | तहगत विद्यार्थी सिकाइ उपलब्धि | ६० | | बिद्यालय आफैं | |
| २ | बाह्य क्रियाकलाप, अतिरिक्त क्रियाकलापमा सहभागिता | ५ | | शिक्षा अधिकृत | |
| ३ | क्यालेण्डरको कार्यान्वयन, सन्दर्भसामग्रीको प्रयोग, वार्षिक पाठयोजना, शैक्षणिक योजनाअनुसार अध्यापन | १० | | शिक्षा अधिकृत | |
| ४ | व्यवस्थापन र सरसफाइ, कक्षाकोठा व्यवस्थापन, वातावरणीय व्यवस्थापन, फूलबारी, सौन्दर्य | १० | | शिक्षा अधिकृत | |

| | | | | | |
|---|---|---|---|---|---|
| | आदि | | | | |
| ५ | गाउँपालिका मूल्यांकन उपसमितिको मूल्यांकन | १५ | | मूल्यांकन उपसमिति | |
| **जम्मा** | | **१००** | | | |

## ख) प्रधानाध्यापकको मूल्यांकनका लागि

प्रधानाध्यापकको नाम :

बिद्यालयको नाम, ठेगाना:

## अ) तहगत औसत सिकाइ उपलब्धि (विद्यालयको)

| **कक्षा ३** | | **कक्षा ५** | | **कक्षा ८** | | **कक्षा १०(SEE औषत GPA)** | |
|---|---|---|---|---|---|---|---|
| औसत सिकाइ | उपलब्धि (औसत GPA) | औसत सिकाइ | उपलब्धि (औसत GPA) | औसत सिकाइ | उपलब्धि (औसत GPA) | औसत सिकाइ | उपलब्धि (औसत GPA) |
| | | | | | | | |

## आ) उपस्थिति र नियमितता

| विद्यालय खुलेको दिन | विद्यालयमा हाजिरी दिन | काज गएको दिन | जम्मा रुजु हाजिर दिन | कैफियत |
|---|---|---|---|---|
| | | | | |

.................................. ....................................

वि.व्य.स. अध्यक्षको सही प्र. अ. को सही

## मूल्याङ्कन तालिका

| क्र.स. | विवरण | पूर्णाङ्क | प्राप्तांक | मूल्याङ्कनकर्ता | मूल्याङ्कनकर्ताको सही |
|---|---|---|---|---|---|
| १ | तहगत विद्यार्थी सिकाइ उपलब्धि | ५० | | विद्यालय आफैं | |
| २ | उपस्थिति र नियमितता | १० | | विद्यालय आफैं | |
| ३ | योजना (५बर्से, १ बर्से दुवै ) | ५ | | शिक्षा अधिकृत | |

| | | | | | |
|---|---|---|---|---|---|
| | निर्माण र योजना कार्यान्वयन को अवस्था | | | | |
| ४ | करार सम्झौता र कार्यान्वयन को अवस्था | ५ | | शिक्षा अधिकृत | |
| ५ | अनुशासन, पारदर्शिता र समूह व्यवस्थापन | ५ | | शिक्षा अधिकृत | |
| ६ | विद्यालय निरीक्षकको मूल्यांकन | १० | | शिक्षा अधिकृत | |
| ७ | गाउँपालिका मूल्यांकन उप समितिको मूल्यांकन | १५ | | मूल्यांकन उप समिति | |
| | **जम्मा** | १०० | | | |

**ग) शिक्षकको मूल्यांकनका लागि (एक जना शिक्षकका लागि एउटा फाराम प्रयोग गर्नुहोस्।)**

शिक्षकको नाम:

विद्यालयको नाम:

ठेगाना:

**अ) तहगत औसत सिकाइ उपलब्धि**

| **कक्षा ३** | | **कक्षा ५** | | **कक्षा ८** | | **कक्षा १०(SEE औषत GPA)** | |
|---|---|---|---|---|---|---|---|
| औसत सिकाइ | उपलब्धि (औसत GPA) | औसत सिकाइ | उपलब्धि (औसत GPA) | औसत सिकाइ | उपलब्धि (औसत GPA) | औसत सिकाइ | उपलब्धि (औसत GPA) |
| | | | | | | | |

नोटः शिक्षकले अध्यापन गर्ने सम्बन्धित कक्षाको उल्लिखित कुनै एक मुख्य विषयको सैद्धान्तिकको मात्र भर्ने ।

## आ) उपस्थिति र नियमितता

| विद्यालय खुलेको दिन | विद्यालयमा हाजिरी दिन | काज गएको दिन | जम्मा रुजु हाजिर दिन | कैफियत |
|---|---|---|---|---|
| | | | | |

................................
वि.व्य.स. अध्यक्षको सही

................................
प्र. अ. को सही

# मूल्यांकन तालिका

| क्र.स. | विवरण | पूर्णाङ्क | प्राप्तांक | मूल्याङ्कनकर्ता | मूल्याङ्कनकर्ताको सही |
|---|---|---|---|---|---|
| १ | तहगत विद्यार्थी सिकाइ उपलब्धि (औसत GPA x १२.५ अंक ) | ५० | | सम्बन्धित शिक्षक/प्र.अ. | |
| २ | उपस्थिति र नियमितता | १० | | वि.व्य.स. अध्यक्ष /प्र.अ. | |
| ३ | प्रधानाध्यापकको मूल्यांकन | ५ | | प्र.अ. | |
| ४ | वि.व्य.स.को मूल्यांकन | ५ | | वि.व्य.स. अध्यक्ष | |
| ५ | विद्यालय निरीक्षकको मूल्याङ्कन | १० | | शिक्षा अधिकृत | |
| ६ | गाउँपालिका मूल्यांकन उप समितिको मूल्यांकन | १५ | | मूल्यांकन उप समिति | |
| | **जम्मा** | १०० | | | |

## घ) बाल विकास सहयोगी कार्यकर्ताका लागि

स.का.को नाम :

बा.वि.के.को नाम, ठेगाना :

### अ) उपस्थिति र नियमितता

| विद्यालय खुलेको दिन | विद्यालयमा हाजिरी दिन | काज गएको दिन | जम्मा रुजु हाजिर दिन | कैफियत |
|---|---|---|---|---|
| | | | | |

................................
वि.व्य.स. अध्यक्षको सही

................................
प्र. अ. को सही

### मूल्यांकन तालिका

| क्र.स. | विवरण | पूर्णाङ्क | प्राप्तांक | मूल्याङ्कनकर्ता | मूल्याङ्कनकर्ताको सही |
|---|---|---|---|---|---|
| १ | तालिमको प्रयोग र बालमैत्री कक्षा ब्यवस्थापन | ४० | | शिक्षा अधिकृत | |
| २ | उपस्थिति र नियमितता | २० | | वि.व्य.स. अध्यक्ष /प्र.अ. | |
| ३ | प्रधानध्यापक को मूल्यांकन | १० | | प्र.अ. | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | विद्यालय निरीक्षकको मूल्याङ्कन | १० | | शिक्षा अधिकृत | |
| ५ | गाउँपालिका मूल्यांकन उप समितिको मूल्यांकन | २० | | मूल्यांकन उप समिति | |
| **जम्मा** | | **१००** | | | |

## ङ) विद्यालय कर्मचारीका लागि

कर्मचारीको नाम:

विद्यालयको नाम, ठेगाना :

### अ) उपस्थिति र नियमितता :

| **विद्यालय खुलेको दिन** | **विद्यालयमा हाजिरी दिन** | **काज गएको दिन** | **जम्मा रुजु हाजिर दिन** | **कैफियत** |
|---|---|---|---|---|
| | | | | |

.....................

वि.व्य.स. अध्यक्षको सही

.....................

प्र.अ.को सही

# मूल्यांकन तालिका

| क्र.स. | विवरण | पूर्णाङ्क | प्राप्तांक | मूल्याङ्कन कर्ता | मूल्याङ्कनकर्ताको सही |
|---|---|---|---|---|---|
| १ | उपस्थिति र नियमितता | ४० | | वि.व्य.स. अध्यक्ष /प्र.अ. | शिक्षा अधिकृत |
| २ | प्रधानाध्यापकको मूल्यांकन | २० | | प्र.अ. | |
| ३ | वि.व्य.स.को मूल्यांकन | २० | | वि.व्य.स. अध्यक्ष | |
| ४ | विद्यालय निरीक्षकको मूल्याङ्कन | २० | | शिक्षा अधिकृत | |
| ५ | गाउँपालिका मूल्यांकन उप समितिको मूल्यांकन | २० | | मूल्यांकन उप समिति | |
| | **जम्मा** | १०० | | | |

## च) वि.व्य.स.अध्यक्ष, सदस्य, शिक्षाप्रेमी, शि.अ.संघ पुरस्कार

विद्यालयको नाम, ठेगाना:

| क्र.स. | नाम, थर | पद | ठेगाना | मूल्यांकनकर्ता | पूर्णाङ्क | प्राप्तांक | मूल्यांकनकर्ताको सही |
|---|---|---|---|---|---|---|---|
| | | | | गाउँशिक्षा समितिको मूल्यांकन(अध्यक्ष) | ५० | | |
| | | | | मूल्याङ्कन उप समितिको मूल्यांकन | ५० | | |
| | | | | जम्मा | १०० | | |
| | | | | गाउँशिक्षा समितिको मूल्यांकन(अध्यक्ष) | ५० | | |
| | | | | मूल्याङ्कन उप समितिको मूल्यांकन | ५० | | |
| | | | | जम्मा | १०० | | |
| | | | | गाउँशिक्षा समितिको मूल्यांकन(अ | ५० | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | ध्यक्ष) | | | |
| | | | | मूल्याङ्कन उप समितिको मूल्यांकन | ५० | | |
| जम्मा | | | | | १०० | | |
| | | | | गाउँशिक्षा समितिको मूल्यांकन(अध्यक्ष) | | | |
| | | | | मूल्याङ्कन उप समितिको मूल्यांकन | | | |
| जम्मा | | | | | १०० | | |

.....................　　　　　　　　　　.....................

वि.ब्य.स. अध्यक्षको सही　　　　　　　　　　प्र.अ.को सही

**फाराम भर्ने निर्देशन:**

१. पुरस्कार तथा सम्मानका लागि विद्यालयले अनिवार्य रूपमा फाराम भरी सिफारिस गरी तोकिएको मितिभित्र गा.पा.मा पठाउनु पर्नेछ

२. सिफारिस सहितको फाराम भरी प्रमाणित गरेर प्र.अ. र वि.ब्य.स.अध्यक्षले मूल्यांकन गर्ने ठाउँमा प्राप्तांक चढाई हस्ताक्षर गरी पठाउनु पर्नेछ ।

३. प्र.अ. र शिक्षकको नाम सिफारिस गर्दा सम्बन्धित तह र विषयको मार्कलेजर प्रमाणित गरी फारामसाथ नत्थी गर्नु पर्नेछ ।

४. कुनै पनि पुरस्कार तथा सम्मानका लागि सहभागी हुने, माग दाबी तथा सिफारिस गर्ने विद्यालयले अनिवार्य रूपमा विद्यालयको मूल्यांकन फाराम (क) को तहगत औसत सिकाइ उपलब्धि फाराम भर्नु पर्नेछ ।

५. प्र.अ., शिक्षक, स.का. र कर्मचारीको नाम सिफारिस गर्दा फाराममा उल्लिखित उपस्थिति विवरण अनिवार्य भर्नु पर्नेछ ।

६. एकभन्दा बढी शिक्षकहरूको नाम सिफारिस गर्नु पर्दा प्रत्येक शिक्षकको अलग अलग फाराम भरेर पेस गर्नु पर्नेछ । साथै प्र.अ., शिक्षक, स.का., कर्मचारी, वि.ब्य.स.अध्यक्ष, सदस्य, शि.अ.संघ, शिक्षाप्रेमीमध्ये नाम सिफारिस भएजति सबैको अलग अलग फाराम भरेर मूल्यांकन गरी पठाउनु पर्नेछ ।

७. उत्कृष्ट विद्यालय तथा विद्यार्थी पुरस्कारका लागि दावी गर्ने विद्यालयले प्रमाणसहित मागदावी गर्नु पर्नेछ ।

**आज्ञाले**

**नन्दन सिंह ठगुन्ना**

**निमित्त प्रमुख प्रशासकीय अधिकृत**